**संसद जर्नल,** जेठ २०८३, वर्ष -३,अङ्क -१, पूर्णाङ्क-३, पृ. १-२१
©२०८३ संघीय संसद सचिवालय
https://
www.parliament.gov.np
ISSN: 3059-9555

# *नेपालको संसदको परिचय र संसद सदस्यको भूमिका*

**डा. खिमलाल देवकोटा***

*कार्यकारी सारांश*

नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रमा संसद राज्यका तीन अंग मध्यको एक तथा लोकतान्त्रिक शासन प्रणालीको एक महत्वपुर्ण अंग हो । नेपालको संविधानले संघीय संसदलाई द्विसदनात्मक संरचनामा स्थापित गरेको छ । दुइ सदनमा प्रतिनिधि सभा र राष्ट्रिय सभा समावेश छन् । यस लेखमा नव युवा आन्दोलन पश्चात सम्पन्न निर्वाचनमा नव निर्वाचित संसद सदस्यहरुकालागि सामान्य जानाकारी दिने हिसावले नेपालको संसदको संरचना, कार्य, र संसद सदस्यहरूको भूमिका सम्बन्धी संक्षेपमा परिचयात्मक ढंगले प्रस्तुत गरिएको छ । लेखले विधि निर्माण, वजेट निर्माण सहित सरकारको खवरदारी निगरानी अनुगमन तथा जनताको उचित प्रतिनिधित्वका रुपमा मनको आवाज वोल्ने थलोका रुपमा नीतिनिर्माण प्रक्रियामा सांसदहरूको भूमिका व्याख्या गर्दछ । साथै, संघीयता, समावेशिता, र लोकतान्त्रिक उत्तरदायित्वका सन्दर्भमा संसदको प्रभावकारिता पनि सामान्य समीक्षा गरिएको छ।

***शब्दकुञ्जी:*** *संसद, प्रतिनिधि सभा, राष्ट्रिय सभा, सांसद, संघीयता, लोकतन्त्र, नेपाल*

* संविधानसभा सदस्य तथा वरिष्ठ अधिवक्ता

*देवकोटा, खिमलाल, २०८३*

## १. परिचय

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भए पछि दोश्रो कार्यकालकालागि भएको निर्वाचनवाट गठित प्रतिनिधिसभा अकालमै विघटन हुन गै विषम परिस्थितिमा सम्पन्न प्रतिनिधिसभाको निर्वाचन मार्फत नव निर्वाचित सांसदहरुले भर्खरै कार्यभार सम्हालेको अवस्था छ । धेरै निर्वाचित सदस्यहरुका मनमा नीति निर्माण गर्ने थलोमा पुगियो अव धेरै गर्न सकिन्छ गलत नीतिहरु उल्टाईन्छ भन्ने साहस पलाएकोछ । कैयन सांसदहरु सांसदको शपथ त खाईयो गर्न केही जानेको छैन कसरी भुमिका निर्वाह गर्ने होला भन्ने लघुताभाषजन्य मनोविज्ञानले ग्रस्त भएको पनि होला । नयाँ क्षेत्र हो त्यहाँ निर्वाह गर्ने भुमिकाका वारेमा सिक्न पर्छ भन्ने कम र हामीले सवै जानेर जनताले जिताएका हुन त्यसैले हामीलाई कसैले सिकाउन पर्दैन भन्ने पनि भएको होला । जे होस जो जसलाई जे चाह्यो त्यही लाग्न नपाईने भन्ने कुरा भएन । भुमिका निर्वाह गर्ने वा नगर्ने पनि उहाँहरुकै मर्जी तर सांसदहरुको खास कार्यभार चाही के हो त्यति कुराका वारेमा सांसद स्वयं प्रष्ट हुन जरुरी छ । संगसंगै मत हाल्ने मतदाता पनि प्रष्ट भैदिए सवैको हितमा हुने थियो । त्यसैका वारेमा चर्चा गर्ने यस आलेखमा प्रयत्न गरिएको छ ।

यो कुरामा विवाद छैन कि, संसद आधुनिक लोकतन्त्रको आधारभूत स्तम्भ हो । संसद जनताको प्रतिनिधित्व गर्ने, वजेट वनाउने, कानून निर्माण गर्ने, र कार्यपालिकामाथि निगरानी गर्ने प्रमुख माध्यम हो । नेपालको राजनीतिक इतिहासमा संसदले विभिन्न चरणहरू पार गरेको छ भन्ने कुरा नेपाल सरकारको वैधानिक कानुन २००४ देखि २०७२ साल असोजमा संविधानसभावाट जारी भएको संविधानसम्मले प्रष्ट गरेकाछन् । यसै क्रममा निर्दलीय पञ्चायती व्यवस्थाको संरचनादेखि बहुदलीय लोकतन्त्र हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रसम्म यात्रा

सुस्पष्ट भन्ने कुरा पुष्टि हुन्छ । पारिभाषिक अर्थ खोज्दा संसद भन्नाले यस प्रकार वुझिन्छः The most common meaning of *parliament* refers to a country's legislative (law-making) body. England's parliament is very famous. The word comes in part from the French verb *parler*, which means to speak, which makes sense since this group of people assemble to talk about laws and issues. Another meaning of *parliament* is the card game known as fan tan or sevens, where you lead with your sevens in a certain sequence and win by using up all your cards.[†]

यसै अर्थको संसदको यात्राका क्रममा नेपालमा १०३ वर्ष लामो जहानीया राणा शासनको अन्त भै २००७ सालको प्रजातन्त्र स्थापना भयो । त्यसै गरी २०१७ सालको फौजी काण्डले दलमाथि प्रतिवन्ध लगाइ निर्दलीय पंचायती व्यवस्थाको स्थापना भएकोमा उक्त ३० वर्षे पंचायतलाई अन्त गर्ने गरी २०४६ सालको जनआन्दोलन भयो । राजा ज्ञानेन्द्रको निरंकुशताका विरुद्ध दोस्रो जनआन्दोलन २०६२–६३ पछिको संसदले अन्तरिम व्यवस्थापिका हुदै संविधानसभा सम्म भुमिका निर्वाह गरयो भने आधारभुत रुपमा नै संसदको संरचना र भूमिका व्यापक रूपमा परिवर्तन भएको छ । संविधानसभावाट जारी भएको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संघीयय संसदलाई समावेशी, प्रतिनिधिमूलक र उत्तरदायी बनाउने लक्ष्य राखेको छ ।

## २. नेपालको संसदको संरचना

नेपालको संसदको संरचना संघीय र द्धिसदनात्मक प्रकृतिको छ । राज्य संरचना तीन तहको भएको कारणले संघ प्रदेश र स्थानीय तहमा भिन्ना भिन्नै कानुन निर्माण गर्ने सभाहरु रहेका छन् भने संघीय तहमा प्रतिनिधिसभा र राष्ट्रिय सभा गरी दुई

---

[†]https://www.vocabulary.com/dictionary/parliament#:~:text=The%20most%20common%20meaning%20of,talk%20about%20laws%20and%20issues.

सदनको संरचना संविधानले व्यवस्था गरेको छ । यसै गरी सातै प्रदेशमा प्रदेश सभा छन् भने ७५३ स्थानीय तहमा विधायीकी संस्थाका रुपमा स्थानीय सभाहरु रहेकाछन् ।

## २.१ संघीय संसद

नेपालको संविधानको धारा ८३ मा संघीय व्यवस्थापिकाको व्यवस्था छ । प्रतिनिधिसभा र राष्ट्रिय सभा नामका दुइ सदन सहितको एक संघीय व्यवस्थापिका हुनेछ जसलाई संघीय संसद भनिनेछ भन्ने उक्त व्यवस्थाले नेपालको संसदको स्वरुप स्पष्ट गर्दछ ।

## २.२ प्रतिनिधि सभा

संविधानको धारा ८४ मा प्रतिनिधिसभाको गठनका वारेमा उल्लेख छ । प्रतिनिधि सभा प्रत्यक्ष रूपमा जनताबाट निर्वाचित हुने सदन हो । यसमा २७५ सदस्य हुन्छन् । नेपालको जनसंख्या र भौगोलिक विशिष्टताका आधारमा १६५ निर्वाचन क्षेत्र कायम गरी प्रत्यक निर्वाचन क्षेत्रमा पहिलो हुने निर्वाचित हुने प्रणाली वमोजिम एकजना निर्वाचित हुने गरी १६५ वोलिचालीमा सहजताकालागि प्रत्यक्ष निर्वाचित पनि भन्ने गरिन्छ भने ११० जना समानुपातिक प्रतिनिधित्व प्रणाली मार्फत निर्वाचित हुने गरी जम्मा २७५ जनाको प्रतिनिधिसभा रहने व्यवस्था छ । समानुपातिक निर्वाचन प्रणालीलाई भने सम्पुर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने प्रणालीका रुपमा स्थापित गरिएको छ ।[‡] यसरी प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीका माध्यमवाट जनताको प्रत्यक्ष अभिव्यक्ति सुनिश्चित गर्छ भन्ने विश्वास गरिन्छ ।

‡ Article 84(kha)

## २.३ राष्ट्रिय सभा

संविधानको धारा ८६ मा राष्ट्रिय सभाको गठनका वारेमा व्यवस्था गरेको छ । राष्ट्रिय सभा जम्मा ५९ जनाको हुनेछ । जसमा ७ प्रदेशवाट आठजनाका दरले ५६ जना प्रदेश सभाका सदस्य र स्थानीय तहका प्रमुख उपप्रमुख समेत रहेको निर्वाचक मण्डलवाट निर्वाचित हुने र ३ जना सरकारको शिफारिसमा राष्ट्रपतिवाट मनोनित हुने व्यवस्था छ । राष्ट्रिय सभा स्थायी सदन हो भन्ने कुरा पनि संविधानले प्रष्ट गरेको छ । प्रदेश सभाका सदस्य र स्थानीय तहका प्रमुख उपप्रमुखहरुको मतभार भने फरक फरक हुने व्यवस्था संघीय कानुनले गरेको छ । राष्ट्रिय सभामा निर्वाचित र मनोनित गरी दुइ प्रकारका सदस्य रहने व्यवस्था छ भने निर्वाचन प्रणाली एकल संक्रमणीय मत प्रणाली कायम गरिएको छ । पहिलो पटकको निर्वाचनमा निर्वाचित सदस्यहरुकालागि गोला प्रथा मार्फत पदावधि निर्धारण गरिएको छ । जसले २ वर्ष ४ वर्ष र ६ वर्षको कार्यकाल निर्धारण भए वमोजिम हरेक दुई वर्षमा एक तिहाई सदस्यको निर्वाचन हुने र त्यति नै संख्याका सदस्यहरुको कार्यकाल सकिएर विदा हुने व्यवस्था स्थापित भएको छ । स्थायी सदनका रुपमा रहने यो सदनलाई प्रदेश र स्थानीय तहसंग जोडने निर्वाचितहरुवाट निर्वाचित अंगका रुपमा रहदै संघीय संरचनाको सन्तुलन र दीर्घकालीन नीति निरन्तरताका लागि महत्वपूर्ण मानिन्छ ।

## ३. संसदका प्रमुख कार्यहरूः

संसदका प्रमुख कार्यहरुमा कानुन निर्माण वजेट निर्माण, सरकारको खवरदारी गर्ने र जनताको मनको आवाज संसद मार्फत उजागर गर्ने गरी मुलभुत रुपमा चारवटा काम पर्दछन् । जसको संक्षेपमा यस प्रकार व्याख्या गरिएको छ ।

## ३.१ विधायिकी कार्यः

संसदको मुख्य कार्य कानून निर्माण गर्नु हो । विधायीकी कार्यका वारेमा संविधानको भाग ९ मा संघीय व्यवस्थापन कार्यविधिमा विस्तृत व्यवस्था गरेको छ । संविधानको धारा १०९ देखि १२५ सम्म विधि निर्माणका व्यवस्थाहरु समेटिएको छ । यसका अतिरिक्त विधि निर्माण सम्वन्धी व्यवस्था प्रतिनिधिसभा नियमावली २०७९ मा व्यवस्था गरिएको छ । नेपालको संविधानले सरकारी र गैर सरकारी विधेयकका रुपमा दुई प्रकारका विधेयक संसदमा पेश हुने व्यवस्था गरेको छ । अर्थ विधेयक र सुरक्षा सम्वद्ध विधेयक सरकारी विधेयकका रुपमा रहने र ती विधेयकहरु सरकारले मात्रै प्रस्तुत गर्न पाउने व्यवस्था छ भने ती वाहेकका अन्य विधेय पेश गर्न हरेक सदस्यले पाउने व्यवस्था छ जसलाई नीजि विधेयक वा गैर सरकारी विधेयक समेत भन्ने गरिन्छ । विधेयक प्रस्ताव, छलफल, संशोधन र पारित गर्ने प्रक्रिया संसदको पुर्ण सदन वा आवश्यकतानुसार समितिमा सम्पन्न हुन्छ । अर्थ विधेयकका रुपमा रहने वार्षिक वजेट र सो सम्वद्ध विधेयकहरु भने प्रतिनिधि सभाबाट मात्र प्रारम्भ हुन्छ । अन्य विधेयकहरु सरकारको सुविधामा वा सदस्यको पनि रोजाइमा जुनसुकै सदनमा पनि पेश हुन सक्दछ । (Parliament is an important institution exercising the sovereignty of the people. It ensures important functions like policy making and law making in the governance system through legislative procedure. There is a principle that no tax shall be levied without the consent of the representatives of the people, and there is a constitutional arrangement to present the tax related representatives directly elected by the people in the House of Representatives.)[§]

[§] https://hr.parliament.gov.np/en/house-of-representatives

स्पष्ट छ कि, कानुन पास गर्ने सांसदको मुख्य र महत्वपुर्ण भुमिका हो । आर्थिक विधेयकका हकमा सरकारी र सो वाहेकको विधेयक नीजि रुपमा पनि संसदका दर्ता हुन सक्दछ । संसदमा दर्ता भएको विधेयक विरोधको सुचना मार्फत संसद प्रवेश गर्नै नदिने वा दफावार छलफलमा सहभागी भएर संशोधनको माध्यमवाट परिमार्जन सहित पास गर्ने भुमिका सांसदको हुने गर्दछ । संसद नियमावलीले निर्धारण गरेको संशोधनका शर्तहरुको पालना गर्दै, विधेयकको मुल मर्मका विरुद्ध नहुने गरी विधेयक उपर संशोधन प्रस्तुत गर्न हरेक सांसदहरुले अवसर पाउछन्। संसदमा पेश भएको विधेयक जनताको प्रतिकृयाकालागि पठाउने वा सदनमा दफावार छलफल गर्ने वा समितिमा छलफल गरी टुगोमा पुराउने भन्ने वारेमा निर्णय गर्ने अधिकार संसदको रहेको छ । संसदको निर्णय वमोजिम सो प्रकृयाको निर्धारण हुने र संसदले निर्धारण गरेको प्रकृयामा सांसदको भुमिका केन्द्रित रहन्छ। विधेयकका हरेक प्राव्धानहरुमा नियमावलीले निर्धारण गरेको शर्तका अधिनमा रही संशोधन दर्ता गर्ने र आफनो संशोधन उपर अरु सदस्यहरुको समर्थन जुटाउन कोशिस गर्ने, अरुको संशोधनमा आफनो मत जाहेर गर्ने र विधेयकलाई परिमार्जन गर्दै समृद्ध वनाउदै पारित गर्ने काममा सांसदको महत्वपुर्ण भुमिका रहन्छ। विधेयकका हरेक चरणमा सांसदले आफनो भुमिका निर्वाह गर्दा गर्दै पनि विर्सनै नहुने कुरा के हो भने संसदका हरेक निर्णय सहमति हुन नसकेमा मतदानको प्रकृयावाट टुगो लाग्दछन् । संविधान संशोधनको विषय र जनमत संग्रहको विषय संघीय संसदको (राष्ट्रीय सभा र प्रतिनिधिसभा समेत प्रदेश सभाहरुको समेत आवश्यकतानुसार समर्थन वा स्वीकृतिमा मात्रै) दुई तिहाई वहुमतवाट र विधेयक लगायतका अन्य विषय सामान्य वहुमतका आधारमा निर्णय हुने गर्दछन्। विधेयकमा छलफलमा भाग लिने र मतदानमा भाग लिने भुमिका नै एक सांसदको विधायकका रुपमा भुमिका रहन्छ।

## ३.२ सरकारको निगरानीः

सरकारको निगरानी संसदको अर्को मुख्य काम हो । सरकारको कामको निगरानीका वारेमा संविधानमा विभिन्न स्थानमा छरिएर व्यवस्थाहरु रहेकाछन् भने यसको प्रयोगको सम्वन्धमा नियमावलीले थप व्यवस्था गरेको छ । खासगरी संसदले वा सांसदले सरकारले गरेका हरेक कामको निगरानी गर्ने, तिनको खवरदारी गर्ने र सरकारलाई गल्ती गर्न नदिने, सरकारका काम कारवाहीलाई पारदर्शी वनाउन मद्दत गर्ने काम संसदले गर्दछ । शक्ति पृथकीकरण एवं नियन्त्रण र सन्तुलनको सिद्धान्त वमोजिम यो व्यवस्था गरिएको हो । तसर्थ संसदले सरकारको कामकारवाहीमाथि निगरानी राख्छ भन्ने मान्यता स्थापित भएको छ । सरकारको निगरानी गर्ने काममा विभिन्न तरिकाहरुको विकास भएको छ । खासगरी संसदमा प्रश्न गरेर सरकारलाई आफना कामको व्याख्या गर्न लगाएर, कुनै कुरामा ध्यानाकर्षण गराएर वा संसद वा समितिहरु मार्फत विभिन्न निर्देशनहरु दिएर ती निर्देशनहरु पालना गर्न लगाएर समेत सरकारको निगरानी गर्ने गरिन्छ । यसै गरी संसदमा जरुरी सार्वजनिक महत्वको प्रस्ताव वा संकल्प प्रस्ताव वा यस्तै अन्य विभिन्न प्रस्तावहरु पेश गरी छलफल गर्न लगाएर समेत सरकारलाई नियन्त्रणमा राख्ने प्रयत्न हुन्छ । यो प्रक्रिया लोकतान्त्रिक उत्तरदायित्व सुनिश्चित गर्न महत्त्वपूर्ण छ भन्ने मान्यता राखिन्छ । दक्षिण अफ्रीकी संविधानले यसरी प्रष्ट गरेको छ The true test of democracy is the extent to which Parliament can ensure that

government remains answerable to the people. This is done by maintaining constant oversight (monitoring) of government's actions.[**]

संसद र सांसदहरुको महत्वपुर्ण भुमिका भनेको सरकारको नियन्त्रण हो । सरकारी काम कारवाहीको नियमित अनुगमन गर्ने, खवरदारी गर्ने, निगरानी गर्ने र नियन्त्रण गर्ने भुमिकामा खरो उत्रने सांसदलाई असल पार्लियामेन्टेरियन भन्ने गरिन्छ । एक असल सासदले गर्न सक्ने भुमिका मध्यको सर्वाधिक महत्वको भुमिका यही हो । सरकारका नीति कार्यक्रम, वजेट र विधेयकका वारेमा सदनमा वोल्ने, सरकारका हरेक काम कारवाहीको अनुगमन गर्ने, सरकारसंग जानाकारी माग्ने र सरकारका गलत नीतिहरुको आलोचना गर्ने काम सासदको हो । सरकारले गरेका हरेक कामको जानाकारी माग्ने, सरकारका काममा प्रष्ट हुन प्रश्न सोध्ने र सरकारका गलत काम नियन्त्रण गर्न सरकारलाई जनताको कठघारामा उभ्याउने सम्मको काम एक असल सांसदले गर्न सक्ने काम भित्र पर्दछ । सरकार राज्य शक्ति प्रयोग गर्ने वैधानिक अंग हो । हिंसा प्रयोग गर्ने वैधानिक संस्थाका रुपमा पनि सरकारलाई लिने गरिन्छ । अरुकालागि विना लाईसेन्सका हतियार अवैध ठानिन्छ तर राज्य यस्तो वैधानिक संस्था हो जसलाई वन्दुक चलाउने भिन्नै कुनै लाईसेन्स चाहिदैन राज्य हुनु नै वन्दुक चलाउने लाइसेन्स हो । राज्य वाहेक अरु कसैले चन्दा असुले त्यो कार्य कानुन विपरितको कार्य मानिन्छ तर सरकारले करका नाममा जनतावाट रकम असुल गर्ने अख्तियारी राख्दछ । यसै गरी वन्दुक र पैसाको व्यवस्थापन निर्वाध रुपमा प्रयोग गर्न पाउने औपचारिक र एकमात्र संस्था राज्य हो । राज्यका तर्फवाट यो काम सरकारले गर्दछ । त्यही वन्दुक र पैसाले मैमत्त कार्यकारीलाई पनि नियन्त्रण निगरानी र खवरदारी गर्ने काम संसदले गर्दछ। एक योग्य सासद सरकारका यी तमाम संवेदनशिल कार्यको निगरानी गर्ने खवरदारी

[**] https://www.parliament.gov.za/oversight

गर्ने र राज्यको कानुनी दायरा नाग्न नदिन नियन्त्रण गर्ने समेतको काम गर्न अधिकार सम्पन्न छ । त्यसैले एक सांसदको भुमिका नीति निर्माणमा र नीतिको सही कार्यान्वयनमा कार्यकारीलाई वाध्य वनाउने हदसम्मको रहन्छ भन्न सकिन्छ।

## ३.३ प्रतिनिधित्व सम्वन्धी कार्य

संसद जनताको वैधानिक प्रतिनिधिहरुको थलो हो । संसद जनताको मनको आवाज गुन्जिने थलो हो भनेर आधुनिक लोकतन्त्रमा स्वीकार गर्ने गरिएको छ । तिनै जनताको आवाजको प्रतिनिधित्व गर्ने संस्था संसद हो र यो संस्थालाई कृयाशिल वनाउने काम सांसदहरुको हो । प्रत्यक्ष निर्वाचनका माध्यमवाट जनताको प्रत्यक्ष प्रतिनिधित्व सुनिश्चित हुन्छ भने समानुपातिक प्रणालीले महिला, दलित, जनजाति, मधेसी लगायतको सिमान्तकृत समुदाय एवं पहुच विहिनहरुको समावेशिता सुनिश्चित गर्दछ । मिश्रित निर्वाचन प्रणालीका माध्यमवाट जनताको सवल प्रतिनिधित्वको ग्यारेण्टी गर्दछ । वेलायती संसदका वारेमा भनिन्छ कि संसदमा जनताको मनको आवाज वोल्ने संसदको आधारभुत कार्य हो। (Deliberation is a fundamental function of parliament, serving as the essential process through which representatives debate, scrutinize, and refine public policy and legislation before making decisions.)[††]

सांसद सार्वभौम जनताको प्रतिनिधि हो तसर्थ सांसदले संसदमा वोल्ने आवाज जनताका नाममा र जनताका तर्फवाट वारिस भै वोल्ने वोली ठानिन्छ । जनताका वारेसले वोल्ने आवाजले जनताको मन छुने कुरा जनताको मनको आवाज वन्न कोशिस गर्ने कुरा सर्वाधिक महत्वको विषय हो । एक सांसदले संसदमा वोलेका

[††]https://www.parliament.uk/about/how/role/

कुराको अभिलेख रहने कुराको हेक्का राख्न जरुरी छ भने सांसदले वोलेको कुराको जवाफ दिन सरकार वाध्य छ । सांसदले वोलेका कुराले सरकारको नीति परिमार्जनमा महत्वपुर्ण भुमिका खेल्न सक्दछ । त्यसैले जनताको मनको आवाज वोल्ने थलोका रुपमा संसदलाई लिईन्छ । सांसदको वोली त्यो स्तरको भयो कि भएन भन्ने कुराको निगरानी सार्वजनिक रुपमा दुनियाले गरिरहेकै हुन्छ । त्यो निगरानीमा सांसद खरो उत्रन सके मात्रै सरकारका कामको निगरानी मात्रै हैन जनताको मनको आवाज वुलन्द भएको अनुभुति समेत हुनेछ ।

तर ख्याल गर्ने कुरा के हो भने संसदमा वोल्ने तरिका हुन्छ । संसदमा वोल्ने समय हुन्छ । संसदमा वोल्ने विषय हुन्छ । सभामुखको अनुमतिले मात्रै वोल्न सकिन्छ । संसदमा वोल्ने भाषा हुन्छ जसलाई संसदीय भाषा भन्न गरिन्छ । असंसदीय भाषाको प्रयोग रेकर्डवाट हटने मात्रै हैन सांसद स्वयं संसदवाट निलम्वन र निष्काशन खेप्न वाध्य हुने सम्म पनि हुन सक्दछ । त्यस तर्फ हेक्का भने राख्न जरुरी छ । यसै गरी संसद जनताका मनको आवाज वोल्ने थलो हो यसको कतै दुरुपयोग त भएको छैन भन्ने वारेमा हरपल हेक्का राख्न जरुरी छ । संसदमा वोलिने वोलिको महत्वलाई दृष्टिगत गरी विग विजनेश हाउसहरुले उनीहरुलाई प्रभावित गर्ने, आफना प्रतिस्पर्धीलाई ठेगान लागउने प्रकृति प्रवृत्ति र स्तरका वोली वोल्न दुरुत्साहित गर्ने खतरा पनि त्यतिकै हुन्छ । त्यस तर्फ पनि सांसद विशेष चनाखो हुन जरुरी छ ।

## ३.४ बजेट र वित्तीय नियन्त्रण

नेपालको संविधानको भाग १० मा संघीय आर्थिक कार्य प्रणालीका वारेमा व्यवस्था गरेको छ। संविधानको धारा ११५ देखि १२५ सम्म यस सम्वन्धी व्यवस्था गरेको छ। यसका अतिरिक्त प्रतिनिधिसभा नियमावलीले समेत वजेट प्रस्तुत गर्ने

छलफल गर्ने पारित गर्ने र सांसदहरुले खेल्ने भुमिकाका वारेमा थप व्यवस्था गरेको छ। संसदले वार्षिक बजेट पारित गर्ने, खर्चको समीक्षा गर्ने, र आर्थिक अनुशासन कायम गर्ने भूमिका निर्वाह गर्छ । जनप्रतिनिधित्व विना कर लगाउन पाइने छैन भन्ने मान्यता १२१५ को म्याग्नाकार्टा वाट स्थापित भएको सिद्धान्त हो। खासगरी राजाको स्वार्थमा वेलायती उपनिवेशकालमा वेलायती संसदले उपनिवेशहरुमा लगाउने करका विरुद्धको आवाजका रुपमा स्थापित मान्यतालाई आजको लोकतान्त्रिक युगमा पनि उत्तिकै महत्वकासाथ स्वीकार गरिएको छ । हरेक वर्ष वजेटका रुपमा संसदमा पेश हुने आर्थिक विधेयक उपर छलफल गरी पारित गर्ने काम संसदको रहेको छ। वेलायतमा वजेटलाई संसदको सवेदनशिल कार्यका रुपमा लिइन्छ -The budget process is a critical function of parliament, serving as a primary instrument of oversight over the executive branch to protect the public purse. Parliament reviews, amends, and approves government spending and taxation proposals (the "power of the purse"), ensuring financial accountability. It involves four key stages: formulating, approving, implementing, and auditing)[‡‡]

संसदमा वहुमत सिद्ध गर्ने दलको नेता प्रधानमन्त्री हुन्छ र उसको अध्यक्षतामा गठन हुने मन्त्री परिषदले संसदमा नीति कार्यक्रम सहित वजेट पेश गर्दछ । सरकारले पेश गरेको नीति कार्यक्रम सहितको वजेटका वारेमा छलफल गर्ने आफनो राय सुझाव राख्ने र अन्तमा मतदान हुदाका वखत पक्ष वा विपक्षमा मत हाल्ने काम सांसदको हुनेछ । त्यो वाहेक वजेट निर्माणमा सांसदको कुनै भुमिका हुदैन । संसदको नियमावलीको पुर्ण पालना भएछ भने पुर्व वजेट छलफल होला सरकारले वजेटका सिद्धान्त र प्राथमिकतामा संसदको राय माग्ला तर सोही सिद्धान्त र प्राथमिकतामा वजेट आएन भने सोको प्रतिवाद सांसदले गर्ला तर वजेट पास भै

[‡‡] https://www.google.com/search?q=Budget+in+parliament+is+a+functions+of+the+parliament&sca_esv.

छाडछ । नीति कार्यक्रम र वजेट फेल भयो भने सरकार ढल्छ । संसदमा वहुमत प्राप्त गर्ने सरकारको तर्फवाट पेश गरेको नीति कार्यक्रम र अर्थमन्त्रीले पेश गरेको वजेट पास भै छाडछ । एक सांसदको भुमिका केवल संसदमा वोल्ने आफना कुराहरु राख्ने र संसद मार्फत जनताको मन जित्ने कोशिस गर्ने र सरकारलार्य वजेट कार्यान्वयन गर्न सघाउने सम्म रहनेछ । आजसम्म संसदमा पेश भएको वजेट फेल भएको र फेरवदल भएको उदाहरण कमै मात्र पाईन्छ । यसकारण एक सांसदले संसदमा वोलेर वजेट फेर्न सकिन्छ भन्ने धृष्टता गरयो भने त्यो फगत मिथ्या मात्रै हुनेछ ।

## ३.५. सांसद विधायक हो विकासे एजेण्ट हैन

हम्रो संविधानले अवलम्वन गरेको व्यवस्था भनेको सुधारिएको संसदीय व्यवस्था हो । जहा सांसद विधायकका रुपमा चुनिन्छ कार्यकारीको हैन । संसदमा वहुमत सिद्ध गर्न सक्ने सांसद कार्यकारी प्रमुख हुन्छ उसैको तजविजमा मन्त्री नियुक्त हुन्छ । प्रधानमन्त्री सहित मन्त्रीहरुको समुह जसलाई मन्त्रीपरिषद भनिन्छ त्यसले मात्रै संविधान र कानुन वमोजिम कार्यकारी अधिकारको प्रयोग गर्छ । शक्ति पृथकीकरणको सिद्धान्तका आधारमा संसदको भुमिका भनेकै सरकारका कामलाई नियन्त्रण गर्ने हो । नियन्त्रित सरकार लोकतान्त्रिक हुन्छ । शक्तिले मानिसलाई भ्रष्ट वनाउछ त्यसैले शक्ति प्रयोग गर्ने शक्तिशाली कार्यकारीलाई भ्रष्ट हुनवाट जोगाउन र लोकतन्त्र दिगो वनाउन संसदले भुमिका निर्वाह गर्ने हो । सांसद आफै विकास आयोजना वाडने वा विकासका आश्वासन दिने वा वजेटको वाडने पद हैन । त्यसैले सवैभन्दा पहिला संसदमा प्रवेश गर्नु अघि सांसदले मनन गर्नै पर्ने कुरा भनेको म विकासे एजेण्ट हैन म विधिनिर्माण गर्ने थलोको सदस्य हु भन्ने कुरामा प्रष्ट हुन पर्दछ । यो कुरा पक्कै कठिन छ । हरेक सांसदहरु विकासे नारा

र कार्यकारीको भुमिका निर्वाह गर्ने वाचा गरेर चुनाव जितेर आएका छन् । मतदाता पनि सांसद भै सके पछि उसवाट असल कानुन हैन विकास खोेजेकाछन् । वैधानिक व्यवस्था र वास्तविकताका विचको यो अन्तरविरोधमा नवनिर्वाचित सांसदहरु फस्ने खतरा छ जो विगत देखि नै हुदै आएको थियो । यसको हल खोज्न सक्न पर्छ । त्यसैमा नव निर्वाचित सांसदको सफलता पुष्टि हुनेछ ।

औपचारिक रुपमा कार्यकारी भुमिका र विकासे एजेण्टवाट आफुलाई मुक्त गरिसके पछि वल्ल सांसदको भुमिका देखिने छ । वास्तवमा सांसदको काम सरकारले पेश गरेको वजेट अनुमोदन गर्ने, सरकारले पेश गरेको विधेयकमा छलफल गरी पास गर्ने, सरकारी काम कारवाहीको अनुगमन गर्ने र जनताको मनको आवाज वोल्ने जम्मा जम्मी चार भुमिकामा सांसद केन्द्रित हुन जरुरी छ ।

## ४. संसद सदस्यको भूमिका

### ४.१ विधायनमा भूमिका

संसदले गर्ने काम नै सांसदको काम हो । तथापि सांसदहहरुले व्यक्तिगत रुपमा निर्वाह गर्ने भुमिका का रुपमा सरकारले प्रस्तुत गर्ने विधेयकका अतिरिक्त गैर सरकारी विधेयकका रुपमा विधेयक प्रस्ताव गर्ने, छलफल गर्ने र संशोधन गर्ने अधिकार राख्छन् । एक सांसदको हैसियतमा संसदमा खेल्ने भुमिकाका कारणले राज्यको नीति निर्माणमा प्रत्यक्ष प्रभाव पार्छन् । यो कुरा प्रत्यक सांसदले आत्मसात गर्न जरुरी छ ।

### ४.२ प्रतिनिधित्वको भूमिका

सांसदहरु एकै साथ पार्टीका प्रतिनिधि, निर्वाचन क्षेत्रका जनताको प्रतिनिधि र देशकै प्रतिनिधिको भुमिकामा हुन्छन् । यी सवै भुमिकाको सन्तुलन राख्दै भुमिका

प्रभावकारी ढंगले निर्वाह गर्ने अपेक्षा राखिन्छ । खासगरी सांसदहरू आफ्ना निर्वाचन क्षेत्रका जनताको समस्या, अपेक्षा र माग संसदमा उठाउँछन् । यसले लोकतन्त्रलाई उर्जा प्रदान गर्छ । सांसदले संसदमा उठाएका आवाजका वारेमा जनता सुसुचित हुने मौका पाउछन् भने सरकारलाई सो आवाजको संवोधन गर्न दवाव पर्दछ । सांसदको भुमिकाको गणना हुने र सरकारलाई संवोधन गर्न दवाव पर्ने दुवै कारणले जनताको सेवा र लोकतन्त्रको सुदृढिकरण हुने विश्वास गरिन्छ।

## ४.३ निगरानी भूमिका

संसदको काम सरकारको निगरानी गर्ने हो भने सो भुमिका सांसदले नै खेल्नुपर्ने हुन्छ। यस भुमिका निर्वाह गर्न सांसदहरूले सरकारलाई उत्तरदायी बनाउन प्रश्न सोध्ने, जरुरी सर्वाजनिक महत्व लगायतका प्रस्तावहरु दर्ता गरी छलफल गर्ने र सरकारको धारणा माग गर्ने, समितिहरूमा भाग लिने आफना धारणाहरु राख्ने गर्नु पर्दछ। प्रश्न शक्तिको हो। शक्तिशालीहरुले नै भ्रष्टाचार तथा अख्तियारको दुरुपयोगको संभावना हुन्छ सोको नियमित र निरन्तर निगरानी गर्ने काम समेत एक असल ससद सदस्यको हुने गर्दछ।

## ४.४ नीतिगत नेतृत्व

संसद नीति निर्माण गर्ने र नीति फेर्ने थलो पनि हो। त्यसैले संसद सदस्यहरुलाई नीति निर्माता पनि भन्ने गरिन्छ। यसैले अपेक्षा गरिन्छ कि, सांसदहरू नीति बहसमा सक्रिय रहन्छन्। उनीहरूले राष्ट्रिय विकास, सुरक्षा, र अन्तर्राष्ट्रिय सम्बन्धमा छलफल र वहसको माध्यमवाट सरकारलाई दिशा निर्देश गरिरहन्छन् गरिरहुन भन्ने अपेक्षा गरिन्छ।

## ४.५ संसदीय कूटनीति

सांसदहरु जनताका साथसाथै देशका पनि प्रतिनिधि हुन्। अन्तर्राष्ट्रिय मञ्चहरूमा संसद सदस्यहरूले देशको प्रतिनिधित्व गर्छन्। विभिन्न मुलुकका सांसदहरुसंगको मित्रवत सम्वन्ध विकास गर्न सक्दछन्। उनीहरुका असल अभ्यासहरुको अनुसरण गर्ने वातावरण तयार गर्न सक्दछन्। यसले अन्तरसंसदीय सम्बन्ध मजबुत बनाउँछ।

## ५. संसदीय समितिहरूको भूमिका

संसद मुल रुपमा विधायीकी संस्था हो। तथापि संसदको वैठक सधै भर वसिरहन सक्दैन। उसको समय औपचारिकता र अन्य प्राविधिक करणले समेत सो संभव हुदैन। त्यसैले संसदको काम संसदकै हैसियतमा अलिकति भिन्न तरिकाले संसदीय समितिहरुले गर्दछन्। संसदीय समितिहरू संसदको कार्यकारी हात पनि भन्ने गरिन्छ। यसकालागि संसदीय नियमावलीले निधारण गरे वमोजिमका समितिहरुमा भाग लिने र आफनो भुमिका निर्वाह गर्ने काम समेत सदस्यले गर्न पर्दछ । संघीय संसदमा हाल १६ वटा समिति कृयाशिल छन् । राष्ट्रिय सभामा चारवटा समिति छन् भने संसदीय सुनुवाई र राज्यका नीति अनुगमन समितिका रुपमा रहेको समिति गरी दुइवटा संयुक्त समिति छन्। प्रतिनिधिसभामा भने सार्वजनिक लेखा समिति, राज्य व्यवस्था समिति, कानुन समिति लगायत विभिन्न दशवटा समितिहरु छन्। जसले विधेयकको गहिरो अध्ययन, बजेट निगरानी, र सरकारी कार्यहरूको मूल्याङ्कन लगायतका काम गर्छन्। यसै सन्दर्भमा सरकारी अधिकारीहरुलाई समितिमा वोलाएर छलफल गर्ने, विज्ञहरुलाई आमन्त्रण गरेर थप निर्णयमा सहयोग लिने, र सरकारलाई निर्देशन दिने समेतका काम पनि समितिहरुवाट हुने गर्दछ। यस तर्फ पनि सदस्यहरुको धयान केन्द्रित हुन जरुरी छ।

## ६. संघीयता र संसद

नेपालको संविधानले नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो भनी स्पष्ट गरेको छ । यसै गरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका संघ प्रदेश र स्थानीय गरी तीन तहको संरचना रहनेछन भन्दै तिनै तहले राज्य शक्तिको प्रयोग गर्नेछन् भन्ने कुरा पनि स्पष्ट गरेको छ। तीनै तहका अधिकार संविधानको अनुसुचिहरुमा एकल र साझा अधिकारका रुपमा स्पष्ट गरेको छ । यसै अधिकारको सुचिलाई विस्तृतृकरण गर्ने काम पनि मन्त्रीपरिषदले गरेको अवस्था छ। यस अवस्थामा तीनैतहका अधिकारको वारेमा एकल र साझा अधिकारको वारेमा संसद र सांसदहरु प्रष्ट हुन जरुरी छ। यसै प्रष्टताका आधारमा प्रतिनिधिसभाका सदस्यहरुले संघीय कानुन निर्माण, संविधान वमोजिम अन्तर—सरकारी समन्वय र स्थानीय तह र प्रदेश तहको अधिकारको संरक्षण जस्ता कामहरू पनि गर्न पर्दछ।

## ७. चुनौतीहरू

७.१ राजनीतिक अस्थिरता नेपाली राजनीतिको मुख्य समस्या हो । नेपाल संक्रमणै संक्रमणले भरिएको मुलुक हो भन्ने पनि गरिन्छ । राजनैतिक अस्थिरता र यस अघिका बारम्बार सरकार परिवर्तनले संसदको प्रभावकारिता घटाएको छ । अव सरकार परिवर्तनको समस्या नहोला तर सो मानसिकता हटिसकेको छैन तसर्थ यो चुनौतिलाई दिमागमा राखेर का मगर्ने चुनौति यतिवेलाको संसद र संसद सदस्यहरुका काँधमा छ ।

७.२ दलगत अनुशासन संसदीय प्रणालीको अर्को महत्वको कडि हो । कडा दलगत नियन्त्रणले सांसदहरूको स्वतन्त्र निर्णय क्षमतामा असर पार्छ भने अधिक स्वतन्त्रताले सांसदहरु छाडा हुने र अराजकताको अवस्था सिर्जना हुने खतरा पनि त्यतिकै रहन्छ ।

७.३ कमजोर समितिगत प्रणाली हाम्रो आजसम्मको समस्या हो । यसलाई वदल्न अर्थात वलिया र विश्वसनीय समिति प्रणाली वनाउने दायत्वि र चुनौति पनि अवको संसदको हो । संसदीय समितिहरूको प्रभावकारिता सीमित भएकै कारणले समितिमा कोरम नपुग्ने, समितिका निर्देशन सरकारले नटेर्ने अवस्था सिर्जना भएको छ भन्ने कुरा हेक्का राख्न जरुरी छ ।

७.४ जनविश्वासको कमी अर्को चुनौति हो । जनविश्वासको खडेरीमा सुनामी खडा गरी प्राप्त जनमतको प्रतिनिधित्व यो संसदले गर्छ भन्न सकिन्छ । तर जनतामा वढदै गरेको निराशा र संसदप्रति विश्वास घट्दै गएको विश्वास निश्चयनै चुनौतिक विषय हो ।

## ८. अवसरहरू

८.१ डिजिटल संसद आजको अवसर हो । प्रविधिको प्रयोगले पारदर्शिता वाढाउनुका साथै सेवा प्रवाहमा चुस्तता पनि ल्याउछ । प्रविधिको प्रयोगले जनताको शासन सत्तामा पहुँच बढाउन सक्छ ।

८.२ युवा नेतृत्व यतिवेलाको अवसर हो । नयाँ पुस्ताको सहभागिताले नीतिगत नवप्रवर्तन सम्भव छ ।

८.३ समावेशी प्रतिनिधित्व लोकतन्त्रको सुन्दरता हो । समानुपातिक प्रणालीले विविध समुदायको प्रतिनिधित्व सुनिश्चित गरेको छ । प्रतिनिधित्वले अपनत्व र स्वामित्वमा स्वतः वृद्धि गर्दछ । जो लोकतन्त्रकालागि अपरिहार्य तत्व हो ।

## ९. निष्कर्ष

एकजना जनताको प्रतिनिधि असल सांसदले आफनो भुमिकाको पहिचान र आफैले निर्धारण गरेको नियमको अधिनमा रही जनताको मनको आवाज मुखारित गर्ने प्रयत्न गर्नु नै उसवाट अपेक्षा गरिने भुमिका हो । वजेट वा कानुन पारित गर्ने कुरामा उसले खेल्ने भुमिका जनताको हितमा केन्द्रित छ कि अन्य स्वार्थमा केन्द्रित छ भन्ने कुरा पनि विचारणीय छ । सरकारका कामको निगरानी र खवरदारी केवल लोकरिझयाइ पपुलिजममा कि जनहितमा भन्ने कुरा दुनियाले मुल्यांकन गरिरहेकाछन् भन्ने कुरा पनि ख्याल गर्न जरुरी छ । सवैभन्दा महत्वको कुरा भनेको सांसदले वोल्ने वोलीको निरन्तरता, तादात्म्यता छ कि आफनो स्वार्थमा केन्द्रित छ भन्ने कुरा पनि त्यतिकै महत्वको विषय हो । सत्तामा रहदा एक वोली र विपक्षमा रहदा अर्को हुन्छ कि उसको वोलिमा निरन्तरता र विश्वसनीयता छ भन्ने समेत आधारमा पनि उसको मुल्यांकन हुने गर्दछ । निहित स्वार्थमा वा जनहित र राष्ट्रहितमा वोलिरहेकोछ भन्ने कुरा पनि विचारणीय छ । हरेक सांसदले आफनो वोलिमा विश्वसनीयता, आधार र कारण सहितको अभिव्यक्ति र अभिव्यक्तिमा निरन्तरताले विश्वास जगाउछ । त्यही विश्वास गर्विलो जनप्रतिनिधिको आधार वन्दछ ।

अन्तमा नेपालको संसद लोकतान्त्रिक शासनको केन्द्रबिन्दु हो । नेपालको संविधानले यसलाई शक्तिशाली, समावेशी र उत्तरदायी संस्थाका रुपमा स्थापित गरेको छ । यद्यपि, विगतका नकारात्म अनुभवलाई विर्सदै सकारात्मक अनुभवहरुलाई स्वीकार गर्दै यसको प्रभावकारिता सांसदहरूको सक्रियता, राजनीतिक संस्कृतिको विकास, र संस्थागत सुधारमा निर्भर गर्दछ । संसद सदस्यहरूले केवल विधायन मात्र होइन, लोकतन्त्रको संरक्षण, जनप्रतिनिधित्व, र राज्यको दीर्घकालीन नीति निर्माणमा महत्वपूर्ण भूमिका खेल्छन्। त्यसैले संसदको सुदृढीकरण नेपालको लोकतान्त्रिक भविष्यका लागि अपरिहार्य छ ।

*देवकोटा, खिमलाल, २०८३*

## सन्दर्भ सूची

### संविधानहरू


नेपाल सरकार। (२००४)। *नेपाल सरकारको वैधानिक कानून, २००४*। कानून किताब व्यवस्था समिति।

नेपाल सरकार। (२००७)। *नेपालको अन्तरिम संविधान, २००७*। कानून किताब व्यवस्था समिति।

नेपाल सरकार। (२०१५)। *नेपाल अधिराज्यको संविधान, २०१५*। कानून किताब व्यवस्था समिति।

नेपाल सरकार। (२०१९)। *नेपालको संविधान, २०१९*। कानून किताब व्यवस्था समिति।

नेपाल सरकार। (२०४७)। *नेपाल अधिराज्यको संविधान, २०४७*। कानून किताब व्यवस्था समिति।

नेपाल सरकार। (२०६३)। *नेपालको अन्तरिम संविधान, २०६३*। कानून किताब व्यवस्था समिति।

नेपाल सरकार। (२०७२)। *नेपालको संविधान*। कानून किताब व्यवस्था समिति।

## कानुन तथा नियमावलीहरू

सङ्घीय संसद सचिवालय। (२०७९)। *प्रतिनिधि सभा नियमावली, २०७९*। सङ्घीय संसद सचिवालय।

सङ्घीय संसद सचिवालय। (२०८०)। *राष्ट्रिय सभा (दोश्रो संशोधन) नियमावली, २०८०*। सङ्घीय संसद सचिवालय।

सङ्घीय संसद सचिवालय। (२०८०)। *सङ्घीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०८०*। सङ्घीय संसद सचिवालय।

नेपाल सरकार। (२०७३)। *राजनीतिक दल सम्बन्धी ऐन, २०७३*। कानून किताब व्यवस्था समिति।

## वेब स्रोतहरू

Vocabulary.com. (n.d.). Parliament definition. Vocabulary.com

Federal Parliament Secretariat. (n.d.). House of Representatives. Federal Parliament Secretariat

Parliament of South Africa. (n.d.). Oversight and accountability. Parliament of South Africa

UK Parliament. (n.d.). The role of Parliament. UK Parliament

Google Search. (n.d.). Budget in parliament is a function of the parliament

The Kathmandu Post. (2022, October 19). Are MPs lawmakers or development workers? The Kathmandu Post